


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २५ गते आइतबार ❑ 9 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## कुर्था–जयनगर रेल सेवाको परीक्षण सफल

**रासस**
**जनकपुर, २४ पुस**

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म सञ्चालन हुने रेलको शनिबार सफल परीक्षण गरिएको छ।

भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म चल्ने रेल सेवाको नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गर्ने तयारी भइरहेका बेला शनिबार लामो समयसम्म थन्किएको सो रेलको परीक्षण गरिएको हो।

भारतीय रेल्बे कम्पनी कर्पोरेसनबाट गत विसं २०७७ असोज २ गते खरिद गरेर ल्याइएका दुई सेट रेल धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा पार्किङ गरी राखिएको छ । पाकिङ गरी राखिएका रेलको आज परीक्षण गरिएको नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ । नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक नीरञ्जन झा, धनुषाका प्रमुख



जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलालगायत टोलीलाई चढाएर भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म करिब ३९ किलो मिटरको सो रेल्वे लिकमा रेलको परीक्षण गरिएको छ।

रेलको सफल परीक्षण पश्चात नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक झाले सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै छिट्टै रेल सेवा सञ्चालको तयारी भइरहेको बताउनुभयो । "अहिले न्यूनतम आवश्यकताका आधारमा ६० कर्मचारीलाई नियुक्त गरी रेल चलाउने तयारी गरेका छौँ", महाप्रबन्धक झाले भन्नुभयो, "नियुक्त भएका कर्मचारीको तालिम सोमबार सञ्चालन गर्ने छौँ, तालिम दिएर ती कर्मचारीलाई काममा परिचालन गरिने छौँ।" यसबाहेक रेल सञ्चालनका लागि भारतीय पक्षबाट समेत २४ मध्ये १४ कर्मचारी आइसकेको उहाँले बताउनुभयो।

उद्घाटनपछि तत्कालका लागि दिनमा एकपटक आउने र एकपटक जाने गरी रेल चलाउने तयारी भइरहेको जानकारी दिँदै महाप्रबन्धक झाले १५ दिनपछि यात्रुको चाप र आवश्यकताअनुसार दिनमा दुई/तीन पटकसम्म पनि रेल चलाउन सकिने बताउनुभयो ।

रेल्वे लिकमा रहेका क्लीप चोरी भइरहेको र अझै पनि ठाउँठाउँमा रेल्वे लिकमै हाट बजार लगाउने गरेकाले रेल सञ्चालनमा कठिनाइ हुन सक्ने जनाउँदै उहाँले यसमा सबै पक्ष सचेत भएर सहयोग गर्नुपर्ने महाप्रबन्धक झाले बताउनुभयो।

यसअघि गत मङ्गलवार मात्र भारतीय रेल्बे कम्पनी कर्पोरेसन (कोंकण) का कार्यकारी निर्देशक डा मनोज सिंह नेतृत्वको टोलीले कुर्था–जयनगर रेल्वे सेवा सञ्चालनका लागि निर्माण भएको भौतिक पूर्वाधारको निरीक्षण गरेको थियो । भारतीय रेल्बे कम्पनी कर्पोरेसनबाट रु ८४ करोड ६५ लाखमा दुई सेट रेल खरिद गरेर ल्याए पनि अझै सञ्चालमा आउन नसकेको भन्दै स्थानीयले विरोध जनाउँदै आएका छन् । वर्षौंदेखि बहुप्रतिक्षित देशको एक मात्र रेलमा चाँडै सरर यात्रा गर्न पाउने धोको बोकेका नागरिक यतिबेला रेल चल्ने प्रतिक्षामा बसिरहेका छन्।

## भूपू साना सहरी जोड्ने बाटोको सभापति कोइरालाद्धारा उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले पोखरा २७ स्थित भूपू साना सहरी जोड्ने बाटोको उद्घाटन गर्नुभएको छ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तरगत निर्माण भएको बाटोको सभापति कोइरालाले उद्घाटन गर्नुभएको हो। कोइरालाले संघीय, प्रदेश र स्थानीय सरकार हरुबाट समेत सम्बोधन नभएका साना योजनाहरुलाई निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममले सम्बोधन गर्ने गरेको बताउनु भयो । निर्बाचनको बेला भने जति काम विभिन्न कारणले पूरा हुन नसकेपनि शूरुवात भने भएको उहाँको भनाई थियो । उहाँले पहिलेको बजेटबाट पुरा नभएको बाटोलाई आगामीदिनमा निरन्तरता दिने बताउनु भएको छ। माओबादी केन्द्रका युवा नेता समेत रहनु भएका कोइरालाले माओवादी काम गर्ने हःल्ला नगर्ने पार्टी भएकोले माओबादीले गरेको कामको जसपनि अन्यपार्टीले लिन खोजेको बताउनु भयो । कोइरालाले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम उक्त क्षेत्रको सांसदले विनियोजन गरेर कार्यान्वयन हुने योजना पनि अन्य कुनै पार्टीले आफुले जसलिन खोज्छन भने त्यो उनिहरुकै समस्या भएको बताउनु भयो। कोइरालाले बोल्ने र नबोल्नेहरुको प्रसंग जोडदै



बास्तविक ग्याष्टिकको औषधी बेच्नेहरु किल्निक र अस्पतालमा हुने गरेको तर ग्याष्टिकको औषधी भन्दै काठको धुलौ बेच्नेहरु सडकमा डमरु बजाएर जनतालाई भ्रममा पार्ने गरेको बताउनु भयो । डमरु बजाएर काठको धुलो बेच्नेले एकछिन मात्रै जनतालाई भ्रममा पार्न सक्ने तर धेरै दिन त्यस्ता भ्रम नटिक्ने दावी गर्नुभयो । नेकपा माओबादी केन्द्रका नेता बोधराज लामिछानेले प्रदेश सांसद दीपक कोइरालाको पहलमा प्रदेश निर्बाचन क्षेत्रमा विकासको लहर आएको बताउनु भयो । सवै संग मिल्न सक्ने जनता माझमा लोकप्रिय नेता भएकोलेनै जनताले आफ्नो दुखसुखमा सधै साथमा पाउने गरेको बताउनु भयो। लामिछानेले कोइराला निर्वाचित भएपछि अलिहे सम्म विकास निर्माणमा भएका योजनाहरुको चर्चा गर्नुभयो। नेकपा माओबादी केन्द्र वडानं २७का वडाध्यक्ष गोविन्द वाग्लले माओवादी जनताको मन मनमा बस्न सफल भएको पार्टी भएको बताउनु भयो । गरिव जनताको घरमा घरमा विजुली, पानीको लागि माओबादीकै मन्त्रीभएको बेला मात्रै सम्बोधन भएको उहाँको भनाई थियो । दतिल, जनजाति महिला, भुमिहिन,सुकुम्बासीहरुलाई अन्यपार्टीले उनिहरुको अधिकारको लागि कहिलै नबोल्ने तर भोट वैकको रुपमा मात्रै प्रयोग गर्ने गरेको भन्दै वाग्लले सवै बर्गको उत्थानको लागि माओबादी सधै लागि रहने बताउनु भयो । बाटो निर्माण समितिका उपाध्यक्ष ललिता पराजुली, सचिव दिपेन्द्र पराजुली लगायतले बाटो निर्माणले आफुहरुलाई धेरै सहज भएकोले आगामीदिनमा पनि आफ्नो ठाउँलाई प्राथामिकतामा पारेर बजेट बिनियोजन गरिदिन सभापति कोइराला संग आग्रह गर्नुभयो । शनिबारनै सभापति कोइरालाले पोखरा २७मै पर्ने शिरोमणी गेटदेखि कृष्णप्रणामी मन्दिर धर्मशाला जोड्ने सडकको पनि अनुगमन गर्नुभयो । सभापति कोइरालाले निर्माण ब्यबसायी मार्फत काम भएको उक्तसडकमा जनताको गुनासो आएकोले तत्तकाल समस्या समाधान गर्न पूर्वाधार कार्यालयका प्रमुख डाक्टर महेन्द्र बानियाँलाई निर्देशन दिनुभएको थियो।

## थप १४४ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, २४ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप ९४४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा १३ हजार २६४ जनाको पिसीआर परीक्षण गरिएको थियो।

यससँगै नेपालमा पिसीआर परीक्षण गर्नेको सङ्ख्या आठ लाख ३१ हजार ७४८ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या ९७ हजार ८९ पुगेको छ। पछिल्लो समय थप २९७ जना कोरोनाबाट निको भएका छन् । यससँगै कोरोनाबाट मुक्त हुने सङ्ख्या आठ लाख १४ हजार ६ पुगेको छ। निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो समय दुई लाख ४३ हजार ४६० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ६ हजार १४० रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट कसैको पनि मृत्यु भएको छैन। यस रोगबाट हालसम्म शुक्रबारसम्ममा मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०२ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ । हाल होमआइसोलेशनमा रहनेको सङ्ख्या पाँच हजार ६३१ छ। संस्थागत आइसोलेशनमा ५०९, आइसीयूमा ८१ र भेन्टिलेटरमा १४ जनाको उपचार भइरहेको मन्त्रालयले जानकारी दिएको छ।


## प्रधानमन्त्री देउवा र एमाले अध्यक्ष ओलीबीच भेटवार्ता

**रासस**
**काठमाडौं, २४ पुस**

प्रधानमन्त्री शेरबहादुर देउवा र प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ।

शनिबार बिहान भक्तपुरको बालकोटस्थित ओली निवासमा दुबै जनाबीच एक्लाएक्लै भेटवार्ता भएको हो । एमालेले प्रतिनिधिसभा बैठकमा गरेको निरन्तर अवरोध हटाउनेलगायत विषयमा छलफल गर्न प्रधानमन्त्री देउवा एमाले अध्यक्ष ओलीलाई भेट्न आज बिहान करिब १० बजेर ३० मिनेटमा बालकोट पुग्नुभएको थियो । संसद्को अवरोध हटाउनेबारेमा छलफल गर्न प्रधानमन्त्रीले सर्वदलीय बैठक डाक्दासमेत एमाले उपस्थित नभएपछि प्रधानमन्त्री देउवा छलफलका लागि ओली निवास बालकोट पुग्नुभएको हो।

यसअघि पनि सरकार सञ्चालनमा सहयोग गर्न गठित उच्चस्तरीय संयन्त्रका संयोजक रामचन्द्र पौडेल बालकोट पुगेर एमाले अध्यक्ष ओलीसँग छलफल गर्नुभएको थियो । अध्यक्ष ओलीले एकीकृत समाजवादी पार्टीमा रहेका सांसदलाई सभामुखले कारबाही नगरेसम्म र एकीकृत समाजवादी पार्टीका सांसद उपस्थित भएको संसद् र बैठकमा अवरोध गर्ने अडान राख्दै आएको छ।


## हार्दिक बधाई एवं शुभकामना



**श्री क्या. चन्द्र प्रसाद गुरुङ**

यस **फेवा बचत** तथा ऋण सहकारी संस्था लि. जिरो कि.मी. पोखरा–५ को अध्यक्ष **क्या. चन्द्र प्रसाद गुरुङ ज्यू**ले सहकारी संघ सस्थाको उन्नयन र विकास गर्ने कार्यमा खेल्नु भएको योगदानको उच्च मूल्याङ्कन र सम्मान गर्दै ८४ बर्षको उमेरमा समेत लागी परि सहकारी सस्थाको हितमा लाग्नुहुने तपाई **क्या. चन्द्र प्रसाद गुरुङ** ज्यूलाई जिल्ला सहकारी संघको ४८औ बार्षिक साधारण सभाको पावन अवसरमा सु–स्वास्थ्यको कामना गर्दै सम्मान पत्रद्वारा सम्मानित हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै अझ सशक्त बनि सहकारी अभियन्ता, सहकारी विकास र संरक्षणमा लाग्ने प्रेरणा मिलोस भनि **हार्दिक शुभकामना** ब्यक्त गर्दछौं ।

**सम्मर बहादुर श्रेष्ठ** — उपाध्यक्ष
तथा
**हरिभक्त पौडेल** — प्रमुख कार्यकारी अधिकृत

**फेवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**जिरो कि. मि., पोखरा-५**

# बुटिक एशोसिएसन नेपाल, पोखराको अध्यक्षमा शान्ति श्रीस

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

पोखराका बुटिक व्यवसायीहरूको छाता संगठन बुटिक एशोसिएसन नेपाल, पोखराको अध्यक्षमा शान्ति श्रीसमगर सर्वसम्मत निर्वाचित हुनुभएको छ।

ग्लोरी फेशन होमकी सञ्चालिका श्रीस यसअघि, उपाध्यक्ष हुनुहुन्थ्यो । शनिबार सम्पन्न एशोसिएसनको दोस्रो अधिवेशन तथा पाँचौं वार्षिक साधारणसभाबाट उपाध्यक्षमा पिपनदेवी गुरुङ, सचिवमा श्वेता भट्टराई लम्साल, सह-सचिवमा लता बराल र कोषाध्यक्षमा इन्दिरा लामिछाने सर्वसम्मत निर्वाचित हुनुभएको छ। त्यसैगरी,



सदस्यहरूमा अमित बराल, एलिसा क्षेत्री, कल्पना गुरुङ, विना पाइजा, कुसुम केसी र सपना गुरुङ निर्वाचित हुनुभएको छ । यसअघि, अधिवेशनको उद्घाटन गर्दै नेपाल घरेलु तथा साना उद्योग महासंघ, महिला उद्यमी समिति, गण्डकी प्रदेशकी अध्यक्ष एवं गुरुङ ब्यूटि पार्लर एकेडेमीकी प्रबन्ध निर्देशक चिनु गुरुङले महिला उद्यमीहरू संगठित भएर नेतृत्व विकासमा लाग्नुपर्ने बताउनुभयो । श्री सिस्टर्सकी अध्यक्ष लक्की कार्कीले महिलाहरू उत्पादनमूलक क्षेत्रमा लाग्नुपर्ने बताउँदै व्यवसायिक र उद्यमी बन्नुपर्नेमा जोड दिनुभयो । सो अवसरमा एशोसिएसनका सदस्य अमित बरालले पनि बोल्नुभएको थियो । बुटिक एशोसिएसन नेपाल, पोखराकी निवर्तमान अध्यक्ष सुष्मा थापा पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सह-सचिव श्वेता भट्टराई लम्साल र उपाध्यक्ष शान्ति श्रीसमगरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । यसैबीच, एशोसिएसनको सल्लाहकारमा चिनु गुरुङ, सबि शेरचन र रेणु सुब्बा तथा कानूनी सल्लाहकारमा अधिवक्ता गिरीधारी सुवेदी चयन हुनुभएको छ।

# म्याग्दीका सुजन पुन गण्डकी प्रदेशस्तरीय आर्चरी च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

म्याग्दीका सुजन पुन गण्डकीप्रदेशस्तरीय खुल्ला आर्चरी प्रतियोगिताको च्याम्पियन बनेका छन् । उनले म्याग्दीकै उमेश तिलिजालाई फाईनल सेट प्वाइन्ट ६-२ अंकले पराजित गर्दै च्याम्पियन बनेका हुन् । उनले नगद २५ हजार राशी पुरस्कार प्राप्त गर्दा उमेशले भने नगद २० हजार राशीमा चित्त बुझाए । पुन पहिलो दिनको र्‍याङकिङ राउण्डमा २७७ अंक हान्दै नकाउट चरण प्रवेश गरेका थिए । नकाउट चरणमा पनि उनले उत्कृष्ट प्रदर्शन गर्दै अन्तत च्याम्पियन बन्न सफल भए।

कास्की जिल्ला आर्चरी संघको आयोजना तथा नेपाल इन्भेष्टमेन्ट बैंकको मुख्य प्रायोजनमा आयोजित स्टाण्डर्ड-३० मिटर प्रतियोगिताको पोखरा रंगशालास्थित आर्चरी मैदानमा शनिबार भएको फाईनलमा तेस्रो स्थानमा भने म्याग्दीका राजु खोर्जा पुले कास्कीका पूर्ण गौचनलाई ७-१ को सेट प्वाइन्टले पराजित गर्दै नगद १५ हजार राशी पुरस्कार थाप्दा गौचन भने चौथो स्थानमा रहँदै नगद १० हजार रुपैयाँ प्राप्त गरे।



६० वर्षमाथिको भेट्रान्स तर्फको प्रतिस्पर्धामा मार्फा थकाली समाजका हिरामान लालचनले २३३ अंक जोड्दै प्रथम भए। तीन गाँउले थकाली समाजका बुद्धि थकाली २२५ अंकसहित दोस्रो स्थानमा रहँदा मनाङ समाजका छोर्तेन गुरुङ २२३ अंकसहित तृतीय भए । भेट्रान्स तर्फको प्रतिस्पर्धामा ७ जना खेलाडीले निशाना लगाएका थिए।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै आयोजित प्रतियोगितामा चार सेमिफाइनलिष्टसँगै अन्य १२ जना गरी १६ जनालाई बन्द प्रशिक्षणमा राखिने कास्की जिल्ला आर्चरी संघले अध्यक्ष योगन्द्र शेरचनले बताए। प्रतियोगिताका संयोजक एवं संघका उपाध्यक्ष बसन्त गौचन(साकुरा)का अनुसार श्याम गुरुङ, प्रदीप पुर्जा, सुविन्द्र गौचन, चोचाङ फगामी, रविन थापा, निशान तुलाचन, प्रकाश घर्ती, उदयकुमार बुढाथोकी, महेश पुर्जा, अम्रिस पुन, भुपेन्द्र घर्ती र दुर्गा घर्तीलाई नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि प्रारम्भिक छनोट गरिएको छ । उनले उनीहरुबाट स्टाण्डर्ड ३० मिटरको प्रतिस्पर्धामा ४ जना खेलाडी छनोट गरिने जानकारी दिए । प्रतियोगितामा कास्की, बाग्लुङ, पर्वत,म्याग्दी, मुस्ताङ र मनाङका गरी ६९ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए । विजेता खेलाडीहरुलाई गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेजबहादुर गुरुङ, नेपाल आर्चरी संघका उपाध्यक्ष बसन्त थकाली, अन्नपूर्ण आर्चरी क्लबका संस्थापक अध्यक्ष हरिध्वज तुलाचन, कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचन लगायतले नगदसहित पदक तथा प्रमाणपत्र प्रदान गरेका थिए।

# दोश्रो टाइगर कप आमन्त्रित भलिबलमा महिला तथा पुरुष तर्फ ५/५ टिम सहभागी हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

'दोश्रो टाइगर कप आमन्त्रित खुल्ला क्लव च्याम्पियनसिप महिला/पुरुष भलिवल प्रतियोगिता २०७८' मा महिला तथा पुरुष तर्फ समान ५/५ टिमको सहभागिता हुने भएको छ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजना, नेपाल भलिवल संघको स्विकृतीमा यही पुष २६ गते देखि संचालन हुने उक्त प्रतियोगितामा दुबै तर्फ ३/३ विभागिय सहित महिला तथा पुरुष तर्फ समान ५/५ टिमको सहभागिता हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

शुश्री मिडिया प्रा.लीको मुख्य प्रायोजनमा पोखरा रंगशालामा माघ १ गतेसम्म चल्ने उक्त प्रतियोगिता राउण्ड रोविन लिगको आधारमा सञ्चालन हुने भएको छ। प्रतियोगिताको अन्तिम तयारी बारे जानकारी गराउँदै संस्थाका अध्यक्ष नारायण प्रसाद शर्माले प्रतियोगितामा महिला तर्फ विभागिय टिमहरुमा नेपाल आर्मी क्लव, नेपाल पुलिस र शसस्त्र प्रहरीबल, न्यू डायमण्ड र आयोजक संस्था टाइगर ग्रुप अफ पोखरा नेपाल रहेको जनाए। आयोजकको टिममा नेपाल महिला भलिबलकी क्याप्टेन अरुणा शाहीको नेतृत्वमा श्रीलंकका महिला भलिबलका क्याप्टेन सहित ३ जना खेलाडीहरूको सहभागिता रहनेछ । त्यस्तै पुरुषतर्फ गण्डकी प्रदेश, विभागिय टिमहरू नेपाल आर्मी क्लव, नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीवल, टिप टप हेल्प नेपाल स्पोर्टस क्लवको टिम रहेका छन् । केही टिममा छिमेकी राष्ट्र भारतका टिम क्याप्टेन सहितका खेलाडीहरूको सहभागिता रहनेछ। प्रतियोगिताको उपाधि विजेता महिला/पुरुष उपाधी विजेता टिमलाई समान नगद रु. ३/३ लाख, उपविजेता महिला/पुरुष टिमलाई समान नगद रु. १ लाख ५० हजार, तेश्रो हुने महिला/पुरुष टिमलाई समान नगद रु. ७५ हजार र सान्त्वना हुने महिला/पुरुष टिमलाई नगद ३५ हजार प्रदान गर्ने आयोजकले जनाएको छ । यसै गरी महिला तथा पुरुष तर्फ उत्कष्ट एक-एक खेलाडीलाई समान नगद रु. २५/२५ हजार तथा हरेक विद्याका उत्कृष्ट खेलाडीहरुलाई नगद जनही नगद १०/१० हजार सहित र ट्रफीद्वारा सम्मान गरिनेछ । प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेश सरकारका मुख्य मन्त्री कृष्ण चन्द्र नेपाली पोखरेलले गर्ने कार्यक्रम तय भएको आयोजकले जनाएको छ । साथै प्रतियोगित अवलोकनका लागि साउथ एशिया सेन्ट्रल भलिवलका अध्यक्ष मोहमद लतिफ समेत पोखरा आउने कार्यक्रम तय भएको छ। पुष २६ गते दिउसो १ बजे हुने उद्घाटन खेलमा पुरुष तर्फको डिफेण्डिङ च्याम्पियन गण्डकी प्रदेश र नेपाल ए.पि.एफ क्लब भिड्ने भएका छन् । पहिलो राउण्ड रोविन लिग अन्तर्गतका खेलहरु भने विहान ८ बजेबाटनै शुरु हुने र दैनिक महिला र पुरुषतर्फका गरी ४ खेलहुने आयोजकले जनाएको छ। पोखरा रंगशालामा हुने आमन्त्रित महिला तथा पुरुष भलिबल प्रतियोगिताका लागि हामीले यो पटक विशेष तयारीका साथ अघि बढेको प्रचार प्रसार समितीका संयोजक रामकृष्ण ज्ञवालीले जनाएका छन् । उनका अनुसार दर्शकहरूका लागि अस्थायी प्यारािफट निर्माण, जेष्ठ नागरिक लगायत फरक क्षमता भएका दर्शकहरूलाई खेल हेर्न छुट्टै व्यवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई बस्नको लागि विशेष व्यवस्था गरिएको छ।

साथै प्रतियोगिताका लागि प्रवेश शुल्क रु. २ सय र ३ सय निर्धारण गरिएको आयोजकले जनाएको छ । साथै प्रतियोगिता अवधीभर नेपाल टेलिकमले रु.५० व्यालेन्स सहितको सिम निशुल्क वितरण गर्नेछ भने ई-सेवा रेमिटबाट प्रत्येक दिनको म्याचको 'म्यान अफ द म्याच'को पुरस्कार राशी नगद ५ हजार खेलाडीले प्राप्त गर्नेछन् । साथै केएफसीले महिला तथा पुरुष विजेता टिमका खेलाडीहरुलाई गिफ्ट स्वरुप डिनरको व्यवस्था गरेको संयोजक ज्ञवालीले जनाएका छन् । प्रतियोगितालाई सफल बनाउन शिव श्रेष्ठ संयोजक, सहसंयोजक गोविन्द थापा सहितको विभिन्न उपसमितिहरू गठन गरी सम्पूर्ण कामहरू पुरा गरी अन्तिम चरणमा पुगेको क्लवका सचिव प्रकाश बरालले उल्लेख गरे। साथै उनले विदेशबाट यस प्रतियोगिता सफल विभिन्न खेल प्रेमीहरूले आर्थिक, भौतिक एवम् नैतिक रुपमा सहयोग गरेकोमा आभार समेत व्यक्त गरेका छन्। प्रतियोगितालाई सफल बनाउन मुख्यमन्त्रीको कार्यालय, गण्डकी प्रदेश, राष्ट्रिय खेलकुद परिषद, नेपाल भलिबल संघ, यूवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, नेपाल भलिबल संघ जापान शाखा, प्रदेश खेलकुद परिषद गण्डकी, जिल्ला खेलकुद विकास समिती कास्की, महानगर पालिका कार्यालय, अन्नपूर्ण केबल कार प्रा.लि., पोखरा, प्रभु बैंक लिमिटेड, गण्डकी प्रदेश, मुक्तिनाथ विकास बैंक, अन्नपूर्ण गाउँ पालिका, केएफसी, काठमाण्डौ,बतास ब्रदर्श अर्गनाईजेशन, अटोवेज प्रा.लि., होटल बाराही, पोखरा, माउण्ट कैलाश रिसोर्ट, होटल पेनेन्सुल्ला, पोखरा, कास्की जिल्ला कवाडी संघ, विश्वकर्मा सप्लायर्स, कृषि तथा पशुपंछी फर्म, कुस्मा नगरपालिका-११, पकुवापोखरा महानगरपालिका, नगर खेलकुद विकास समिति, केल्मी लगायत एक दर्जन संघ संस्थाले सहयोग गरेको संस्थाका सदस्य डिवी नेपालीले जनाएका छन्।

यसै विच, पहिलो पटक नेपाल राष्ट्रिय टिमकी कप्तान अरुण शाहीको कप्तानीमा आफ्नै महिला टिम उर्तान लागेको टाइगर ग्रुपले श्रीलंकाका ३ जना खेलाडीलाई टिममा भित्राएको छ । पत्रकार सम्मेलनमा कप्तान अरुणाले आफ्नो टिमको तयारी पुरा भएको जनाउँदै उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रिने बताइन् । उनले भनिन-"टिममा गण्डकीका केही खेलाडी र विदेशी अनुभवी खेलाडीको समिश्रण छ, त्यसैलै पनि टिम बलियो भएको छ ।" यता गण्डकी प्रदेशका डिफेण्डिङ च्याम्पियन टिमका कप्तान हरि पाण्डेले केही पुराना र नयाँ खेलाडीको समिश्रणका साथ आफ्नो टिमको तयारी पुरा भएको जनाउँदै गत वर्षकै लय समात्ने गरी मैदानमा उत्रिने बताए।

# ड्याम साइड क्लबको १२ औं अधिबेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

फुटबल खेलाडीहरु उत्पादनको उध्येश्य लिएर स्थापना भएको पोखरा महानगरपालिका वडा नं १७ मा रहेको ड्याम साइड क्लबको १६ औं साधारण सभा तथा १२ औं अधिबेशनबाट प्रताप गुरुङको अध्यक्षतामा १३ सदस्यीय कार्य समिति चयन भएका छन् ।



क्लबको वरिष्ठ उपाध्यक्षमा रमेशप्रसाद बराल, उपाध्यक्षमा पुजन थकाली, महासचिवमा राकेस श्रेष्ठ, सचिवमा नितिन शेरचन (किरण), कोषाध्यक्षमा सफल थापा र सदस्यहरुमा रबि थापा, दुर्गा केसी, गम्भीर परियार, नितेस बिक्रम भट्टराई, कपिल रानाभाट, शैलेश माझी, कुश थापा चयन भएका छन् ।

कार्यक्रममा पुर्व अध्यक्ष रमेश गुरुङ, सल्लाहकार कल्पना श्रेष्ठ, समाजसेवी महेन्द्र श्रेष्ठले क्लबले समाजमा उल्लेखनीय कार्य गरेकोमा धन्यवाद व्यक्त गरेका थिए । सभाले महासचिव किर्तिबल्लभ त्रिपाठीले क्लबको प्रगति प्रतिबेदन र कोषाध्यक्ष राकेश श्रेष्ठले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सर्वसम्मत पारित गरेको थियो । महासचिवले क्लबको विधान संशोधन गरी वरिष्ठ उपाध्यक्ष, महासचिव र थप १ सदस्यसहित १३ सदस्यीय कार्यसमिति बनाउने प्रस्तावलाई सभाले सर्वसम्मत निर्णय गरेका छ। क्लबका अध्यक्ष पदमबहादुर ढकालले आफू क्लबको नेतृत्वमा आए देखि हालसम्म गरेका सामाजिक कार्यको बारेमा बताउँदै बिदेशमा रहेर पनि क्लबलाई आर्थिक तथा अन्य सहयोग गरेका सम्पुर्ण सहयोगीदाताहरुलाई आभार व्यक्त गरेका थिए। उनले आगामि दिनहरुमा पनि क्लबका कार्यमा साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गरेका थिए।

क्लबका कानुनी सल्लाहकार अधिबक्ता केशवराज बराल र अधिबक्ता बाबुराम अर्यालले निर्वाचन प्रक्रियामा सहजीकरण गरेका थिए । क्लबका अध्यक्ष पदमबहादुर ढकालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष रमेशप्रसाद बराल र संचालन महासचिव किर्तिवल्लभ त्रिपाठीले गरेका थिए।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्र्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्र्पक:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

*महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार*

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# देउवा ओली भेटले आइस ब्रेक

प्रधानमन्त्री शेरबहादुर देउवा विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेटेका छन् । प्रधानमन्त्री भएको पाँच महिनापछि विपक्षी दलका नेता भेट्न बालकोट पुगेका देउवाको प्रस्ताव अप्ठ्यारो फुकाउन हो । संघीय संसदमा जारी अवरोध हटाउन र मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौता अनुमोदन गर्न देउवाले ओली समक्ष प्रस्ताव गरेका छन् । बिहीबार मात्र बसेको पाँचदलीय समन्वय समितिले संघीय संसदको अवरोध हटाउन विपक्षी दलको नेतासँग सम्वाद गर्न प्रधानमन्त्रीलाई आग्रह गरेको थियो । सभामुखले एमालेले कार्वाही गरेका सांसदहरूलाई निस्कासन नगरी दल विभाजनका लागि सहयोग गरेको एमालेको आरोप छ । देउजाले सदनबाट विश्वासको मत पाएपछि सदन सुचारू छैन । पहिलेजस्तो प्रधानमन्त्री देउवा, विवक्षी दल नेकपा एमालेका अध्यक्ष ओलीलाई भेट्न उनकै निवास बालकोट, भक्तपुर पुगेका थिए ।

भेटमा देउवाले संसदको अवरोध खुलाउन र एमसीसी पास गर्न आग्रह गरेका छन् । जवाफमा ओलीले जे कारणले आफूहरुले संसद अवरुद्ध गरेको हो, त्यसबारे केही सम्बोधन भएको छैन । त्यसैले अवरोध यथावत् रहन्छ भनेका छन् । एमसीसीबारे पनि सत्तापक्षले नै औपचारिक रुपमा केही नभनेको ओलीको तर्क छ । अध्यक्ष ओलीको भनाइ उद्धृत गर्दै एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङ भन्छन्, 'हामी त प्रतिपक्षमा छौं, त्यसमा पनि आन्दोलन गरिरहेका छौं । सत्तापक्षले औपचारिक रुपमा नबोलेकाले हामीले केही भनिरहनु परेन ।' नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले पार्टीबाट निष्कासन गरेका सदस्यहरूलाई सभामुखले नहटाएसम्म संसद्को बैठक चल्न नदिने अडान राख्दै आएको छ । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का नाममा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सदस्यको पद खारेजीको माग गर्दै पत्रको अवज्ञा गरेर पक्षपात गरेको आरोप सभामुखमाथि लगाएको छ ।

एमालेले संसद् अवरुद्ध गरेको करिब पाँच महिनापछि प्रधानमन्त्री देउवा संवादका लागि अग्रसर भएका हुन् । यसअधि उनले अध्यक्ष ओलीलाई भेट्न आफ्ना सहयोगीहरूलाई दूतका रूपमा पठाए पनि आफैंअघि सरेका थिएनन । जेहोस्, सत्ता पक्ष र विपक्षका नेताका साथै देउवा र ओली देशका प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेकपा (एमाले)का पनि शीर्ष नेता हुन् । ढबहुसंख्यक नेपालीले पत्याएका यी दल त यिनै हुन् । यसैले अहिलेको गतिरोधको अन्त्यका लागि मात्र होइन देशका सबै समस्या समाधानका लागि यी दुई दलले प्रतिस्पर्धासँगै सहकार्य पनि गर्न सक्नुपर्छ । देशमा लोकतान्त्रिक अभ्यास र स्थिति बलियो बनाउने मूल दायित्व छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मन चञ्चल |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ए डिभिजन लिग फुटबल : घरेलु मैदानमा मनाङको फराकिलो जित

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

घरेलु मैदानमा मनाङ मर्स्याङ्दी क्लबले 'कतार एअरवेज' सहिद स्मारक ए डिभिजन लिग फुटबलमा आज च्यासल युथ क्लबमाथि ५-० को फराकिलो अन्तरको जित हासिल गरेको छ ।

पोखरा रङ्गशालास्थित अन्तर्राष्ट्रिय फुटबल मैदानमा सम्पन्न खेलमा मनाङले ओलावाले ओलाडिपे अफिजको ह्याट्रिक मद्दतमा लिगमा 'रेलिगेसन जोन'मा रहेको च्यासलमाथि प्रभावशाली जित दर्ता गरेको हो । मनाङले पहिलो हाफमा दुई गोल गरेकामा दोस्रो हाफमा तीन गोल गर्न सफल भयो । दोस्रो हाफको इन्जुरी समयमा मात्रै मनाङले दुई गोल गरेको थियो । खेलको तेस्रो मिनेटमा नै मनाङका विदेशी खेलाडी सोमिडेले गोल गर्दै टोलीलाई अग्रता बनाउनुभएकामा ओलावालेले ४३ औँ मिनेटमा अग्रता दोब्बर बनाउनुभयो । मनाङका डिफेण्डर दिनेश राजवंशीले खेलको ८६औँ मिनेटमा गोल गर्दै अन्तर फराकिलो बनाउनुभयो । ओलावालेले छ मिनेटको इन्जुरी समयको तेस्रो र चौथो मिनेटमा लगातार गोल गर्दै ह्याट्रिक पूरा गर्नुभयो ।

खेलमा च्यासलले पनि गोल गर्ने केही मौका सिर्जना गरे पनि सदुपयोग गर्न सकेन । पहिलो हाफको तुलनामा दोस्रो हाफमा बलमा पकड बनाउँदै च्यासलले मनाङमाथि दबाब बढाए पनि गोल गर्न भने असफल रह्यो । खेलको ६५औँ मिनेटमा च्यासलका प्रशिक्षक बालगोपाल साहुखल रातो कार्ड खाँदै टचलाइनबाट बाहिरि नुभएको थियो । रेफ्रीको निर्णयमा असहमति जनाएपछि पहिलोपटक पहेँलो कार्ड बेर्होनुभएका प्रशिक्षक साहुखलले दोस्रोपटक रातो कार्ड बेर्होनुभयो ।

च्यासलसँगको खेलमा जित हासिल गरेसँगै मनाङले घरेलु मैदानमा खेलेका तीनै खलमा शतप्रतिशत नतिजा निकालेको छ । गत पुस ३ गते नेपाल पुलिस क्लबमाथि ३-१ को जित दर्ता गरेको मनाङले पुस १७ गते ब्रिगेड ब्वाइज क्लबमाथि १-० अन्तरको जित हासिल गरेको थियो । मनाङले पोखरा रङ्गशालालाई घरेलु मैदान बनाएपछि पहिलोपटक सहिद स्मारक ए डिभिजन लिगका तीन खेल पोखरामा खेलाइएको हो ।

खेलपछिको पत्रकार सम्मेलनमा मनाङ मर्स्याङ्दीका विदेशी प्रशिक्षक फुजा टोपेले राम्रो खेलेर जित हासिल गरेको बताउँदै लिगको उपाधिको दावेदारी थप बलियो भएको बताउनुभयो । आगामी दिनको खेलमा अङ्क नगुमाउने र उपाधि जित्ने योजना उहाँले सुनाउनुभयो । च्यासलका सहायक प्रशिक्षक थमन भुसालले आफ्नो टोलीको खेल राम्रो भए पनि रेफ्रीको कमजोर निर्णयका कारणले फराकिलो अन्तरको हार बेर्होनुपरेको आरोप लगाउनुभयो । जारी लिगमा 'रेलिगेसन जोन'बाट माथि उक्लिन थप मेहेनतको खाँचो रहेको उहाँले बताउनुभयो ।

# पाकरीखोला जलाशयको सम्भाव्यता अध्ययन गरिने

पोखरापत्र संवाददाता
वालिङ, २४ पुस

स्याङ्जाको चापाकोट नगरपालिका-९ मा रहेको पाकरी खोला जलाशयको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) थालिने भएको छ ।

जिल्लाकै समथर र उर्बरायुक्त स्थान चापाकोटमा विशेष गरी सिँचाइ र निर्मित जलाशयबाट पर्यटनसँग जोड्दै आर्थिक लाभ लिन सकिने सम्भावना भएकाले चापाकोट नगरपालिकाको पहलमा सम्भाव्यता अध्ययन र डिपिआर बनाउने भएको हो । "एउटै आयोजनाबाट यस क्षेत्रका बाँझो जमिन सिँचाइ गर्ने र पर्यटकीय क्षेत्र बनाउन सकिने देखिएकाले यसको सम्भाव्यता अध्ययनको काम सुरु गरेका छौँ", नगर प्रमुख शिवकुमार गिरीले भन्नुभयो, "स्थानीयको पनि माग भएकाले यससम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाएका हौँ ।"

इञ्जिनियरको टोलीद्वारा यसको सम्भाव्यता अध्ययन गर्नुका साथै योजनाको अनुमानित लागत आएपछि त्यसैलाई आधार मानेर थप अगाडि बढिने नगरप्रमुख गिरीले बताउनुभयो । "यो योजनाले चापाकोटका सिँचाइ नपुगेका बाँझा जमिनमा सिँचाइ पुऱ्याउन सहज हुने र उत्पादनमा वृद्धि हुने विश्वास लिएको छु", प्रमुख गिरीले भन्नुभयो, "कृषि र पर्यटनसँग प्रत्यक्ष जोडिएकाले पनि यसलाई पूरा गर्नका लागि नगरपालिकाले आगामी योजना बनाउने छ ।"

जलाशय बनाउन उक्त ठाउँ उपयुक्त भएको चापाकोट टार सिँचाइ जल उपभोक्ता समितिका अध्यक्ष कृष्ण सुवेदीले बताउनुभयो । "यो योजना यस क्षेत्रकै गौरवको योजना पनि हो, तसर्थ निर्माण कार्यका लागि सबैले सहयोग गर्नुपर्ने देखेको छु", अध्यक्ष सुवेदीले भन्नुभयो, "सिँचाइको अभावमा बाँझै रहेका जमिनबाट उब्जाउ लिन सकिने सम्भावना छ ।" चापाकोट-९ को पाकरी भन्ने स्थानमा बाँध बाँधेपछि करिब एक किलोमिटर लामो र औसतमा ५० मिटर चौडाइको जलाशय बन्नसक्ने वडाध्यक्ष शङ्करभक्त भण्डारीले बताउनुभयो । "नगरपालिकाकै गौरवको योजना हुने भएकाले यसलाई सुरु गर्नसकेमा निक्कै फाइदा पुग्ने थियो", अध्यक्ष भण्डारीले भन्नुभयो, "जलाशय निर्माणले यहाँको कृषि, पर्यटन र रोजगारीमा फड्को मार्ने विश्वास लिएको छु ।" नगरकै गौरव गर्न मिल्नेमध्येको र त्यो पनि नमूनाका रुपमा रहेकाले यसको सम्भाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदनमाथि सरोकारवालालाई राखेर बहस हुनुपर्नेमा स्थानीयले जोड दिएका छन् ।


## अर्जेन्ट चाहियो

**अफिसको लागि**

साधारण लेखपढः ३ जना

SLC, + 2 above : ५ जना

तलबः आर्कषण

सम्पर्कः

९८१६६२२७९२

९८४६३८१६६१


# मृगौला पिडित रानालाई सहयोग हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

मृगौला पिडित पोखरा १६ का हेम व.रानालाई उपचारका लागी आर्थिक सहयोग हस्तान्तरण गरिएको छ ।

सामाजिक अभियन्ता शिवराज देवकोटाको पहलमा संकलित १ लाख ७ हजार ३ सय ७२ रुपैया एक कार्यक्रमका विच पिडित रानालाई हस्तान्तरण गरिएको हो । विगत ३२ वर्षदेखि पोखरा वस्दै आएको रानाको परिवार ज्याला मजदुरी गरेर दैनिक गुजारा चलाउदै आएको छ । आर्थिक अभावका कारण उपचारमा समस्या परेपछि अभियन्ता देवकोटा सहित अमरदिपका नारायण थापा, धर्मराज थापाले सामाजिक संजाल मार्फत सहयोगको आव्हान गरेका थिए ।

संकलित रकम पोखरा १६ का वडाध्यक्ष जीवन प्र. आचार्य, अभियन्ता देवकोटा, युवा नेता मदन वस्नेत, अन्नपुर्ण वाल आश्रमका शारदा वस्नेतले हस्तान्तरण गर्नुभयो । कार्यक्मा अग्रज पत्रकार राज व. गुरुङले आत्म विश्वासलाई दह्रो वनाउन सके रोगलाई सजिलै जित्न सकिने अनुभव सुनाउनु भयो ।सामाजिक अभियन्ता देवकोटाले यस अघि पनि विभिन्न समस्यामा परेका व्यक्तिलाइ सहयोग गर्दै आएका छन् ।

# बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनको अन्तरक्रिया कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस



बुद्ध विशाल बजार ब्यापारिक एशोसियसन पोखराका अध्यक्ष केशवबहादुर खत्रीले ब्यवसायी साथीहरुको हकहितको लागी आफुले जस्तोसुकै मुल्य पनि चुकाउन तयार रहेको बताए ।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले आयोजना गरेको वनभोज तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष खत्रीले ब्यवसायीहरुको पिर मर्का बुझेको भन्दै आफुले ब्यवसायीको साथीहरुको सकेसम्म समस्या समाधन गर्ने बताए । उनले सबै ब्यवसायीको हकहितको लागी लड्न आफु सधै तयार रहेको बताए । अध्यक्ष खत्रीले बुद्व विशाल बजार लगाएत महेन्द्रपुल क्षेत्रमा ग्राहक बर्गलाई देखिएको पार्किङ समस्यालाई चाडैन समाधान गर्नको लागी एशोशियसनले पहल गरीरहेको बताउदै हाल रहेको एशोसियसनको पार्किङ क्षेत्रलाई ग्राहक मैत्री पार्किङ क्षेत्र बनाइएको बताए । कार्यक्रममा एशोसियसनका सल्हाकार ध्रुव प्रसाद रेग्मीले बुद्ध विशाल बजार ग्राहकहरुको पहिलो रोजाई रहेको बताउदै समय अनुसार बजारलाई पनि ब्यवस्थित गर्द्रे लैजानुपर्ने बताए ।

बुद्ध विशाल बजार ब्यापारिक एशोसियसन अध्यक्ष केशवबहादुर खत्रीको सभापतित्वमा भएको वनभोज तथा अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तब्य एशोसियसनका सचिव तथा कार्यक्रमका संयोजक राजु के.सीले गरेका थिए भने धन्यवाद ज्ञापन एशोसियसनका महिला उपसमिति संयोजक शान्ति श्रेष्ठ जोशीले गरेकी थिइन् भने कार्यक्रम सन्चालन एशोसियसनका महासचिव बुद्धी कुंवरले गरेका थिए । कार्यक्रममा ब्यवसायीहरुले बुद्ध विशाल बजारको ब्यवसाय प्रर्वद्दनको लागी विभिन्न सुझावहरु दिएका थिए । अन्तरक्रिया तथा बनभोज कार्यक्रममा ब्यवसायी साथीहरुको विचमा विभिन्न मनोरन्जन तथा खेलकुदका कार्यक्रमहरु समेत गरिएको थियो ।

# घार्मी युवा क्लवको सरसफाई कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस



घार्मी युवाक्लवको नेत्तवमा राम्चेदेखि गुँरासपानीसम्म सरसफाई गरिएको छ ।

सरसफाईको उदघाटन गर्दे गुँरासपानीटोल सुधार समितिका अध्यक्ष मोहन बहादुर सुनारले क्लवले यसरी मासिक रुपमा सरसफाई गरेर समाजमा सकरात्मक विचारको जनचेतना फैलाउने काम गरेको भन्दै खुशी व्यक्त गर्नुभयो ।

भुमेपुज्ने तिष्ढुङ्गे सामुदायक वनका अध्यक्ष मन बहादुर सुनारले युवाको जोशजागर समाज परिवर्तनमा खर्चिएको देख्दा कवितात्मक धन्यवाद दिनुभयो ।

क्लवका अध्यक्ष दिपेश सुनारले अमलाविसौनी सडकराम्चेदेखि गुँरासपानीको ढलमा अवान्छित रुपमा उम्रएिका झारपात उखेल्दै पलाष्टिक र अन्य फोहरजन्य बस्तु सङ्कलन गर्दे करिव एकट्र्याक्टर फोहोर सङ्कलन गरिएको बताउनुभयो । क्लवका सचिव रोशन सुनारले समाजमाफोहोर जहातहि फ्याक्नुहुदैन भनेर सचेतना समेत गरिएको बताउदै उपस्थित मानुभावलाई यसरी नै क्लवको आगामी कार्यक्रममा साथ पाउने आशा व्यक्त गर्नुभयो ।

# 'सहकारीले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ'

पोखरापत्र संवाददाता
दमौली, २४ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले सहकारीले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभएको छ । तनहुँको व्यास नगरपालिका-९ गजौडेस्थित सुनौलो कृषि सहकारी संस्थाको आयोजित ११ औँ वार्षिक साधारणसभा तथा एकीकरणपश्चातको तेस्रो साधारणसभाको आज उद्घाटन गर्दै मन्त्री श्रेष्ठले सहकारीले अनुत्पादक क्षेत्रमा लगानी गर्न नहुने बताउनुभयो । सहकारीका सिद्धान्तलाई अनुशरण गर्दै सहकारी सञ्चालन हुनुपर्ने भन्दै मन्त्री श्रेष्ठले भन्नुभयो, "सहकारीमा वित्तीय अनुशासन आवश्यक छ, सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गरेर उत्पादकत्व बढाउन सहयोग पुऱ्याउनुपर्छ ।" उहाँले सरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यबाट मुलुक समृद्ध बनाउन सहयोग पुग्ने धारणा राख्नुभयो ।

राजनीतिक परिवर्तनको आन्दोलन सकिएर मुलुक समृद्धिको बाटोतर्फ हिँडिरहेको चर्चा गर्दै मन्त्री श्रेष्ठले भन्नुभयो, "अबको बाटो समाजवादोन्मुख हुनुपर्छ, समाजवादमा पुग्नका लागि आर्थिक क्रियाकलाप बढाउनुपर्छ ।" उहाँले गरिब व्यक्तिलाई धनी बनाउनेतर्फ सहकारी संस्था लाग्नुपर्नेमा जोड दिँदै भन्नुभयो, "जनतामा भएका असमानताको खाडललाई अन्त्य गर्दै सबैलाई धनी बनाउनेतर्फ लाग्नुपर्छ ।" मुलुकको विकासमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको चर्चा गर्दै मन्त्री श्रेष्ठले सरकारी, निजी र सहकारी क्षेत्र अलग-अलग हिँडेर समृद्धिको यात्रामा पुग्न नसकिने बताउनुभयो ।

सुनौलो भविष्य कृषि सहकारी संस्था र नयाँ गोरेटो कृषि सहकारी संस्था विसं २०७६ जेठ २९ गते एकीकरण भएको थियो । "एक घर एक शेयर, एक सहकारी एक उत्पादन" मार्फत कृषि र पशुजन्य वस्तुको उत्पादन वृद्धि गरी कृषिमा आत्मनिर्भर बनाउने सहकारीको मूल उद्देश्य रहेको सहकारीका अध्यक्ष विष्णु अधिकारीले बताउनुभयो ।

विसं २०६८ मा स्थापना भएको सुनौलो भविष्य र विसं २०६९ मा स्थापना भएको नयाँ गोरेटोले द्रतगतिमा काम गर्न नसकेको अवस्थामा आर्थिकरूपमा सबल हुन र सहकारीका कार्यहरू अझ विस्तार गर्न एकीकरणको आवश्यकता महसुस गरी एकीकरण गरिएको बताइएको छ । सहकारीको कार्यक्षेत्र व्यास नगरपालिका-७, ९, ११ र भानु नगरपालिका-१३ हो । मन्त्री श्रेष्ठले आजै व्यास नगरपालिका-६ स्थित श्याम्घा साना किसान सहकारी संस्थाको साधारणसभाको समेत उद्घाटन गर्नुभयो ।

